# ताप्ली गाउँपालिकाको सार्वजनिक बोलेरो सञ्चालन कार्यविधि २०८०

प्रस्तावना: नेपाल अधिराज्यको स्थानीय तहको दोस्रो चरणको निर्वाचनबाट जननिर्वाचित जनप्रतिनिधीहरुको घोषणापत्रमा उल्लेख भएको तथा आम ताप्ली नागरिक सामु प्रतिवद्धता जाहेर गरिए बमोजिम यस ताप्ली गाउँपालिकाका दुर दराजका नागरिकहरुलाई गाउँकार्यपालिकाको कार्यालय सम्म सहज र सरल रुपमा आवतजावत गर्न यस ताप्ली गाउँपालिकाको आ.व. ०७९/८० को वजेट तथा कार्यक्रममा वजेट विनियोजन भई बोलेरो खरिदको काम समेत भईसकेकोले उक्त बोलेरोलाई नियमित र सन्तुलित तरिकाबाट सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी यस ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

क) यस कार्यविधिको नाम "**ताप्ली गाउँपालिकाको सार्वजनिक बोलेरो सञ्चालन कार्यविधि २०८०**" रहेको छ।

ख) यो कार्यविधि ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वकीकृत भएको मिति देखि लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) कार्यविधि भन्नाले ताप्ली गाउँपालिकाको सार्वजनिक बोलेरो सञ्चालन कार्यविधि २०८० लाई सम्झनु पर्छ।

ख) कार्यपालिका सदस्य भन्नाले ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिका सदस्य सम्झनु पर्छ।

ग) टिकट भन्नाले यस कार्यविधिमा व्यवस्था भए बमोजिम अधिकार प्राप्त अधिकारीबाट जारी भएको टिकट वा इटिकट समेतलाई बुझाउनेछ।

घ) पार्किङ स्थल भन्नाले सवारी साधन राख्न निर्धारण गरिएको स्थल सम्झनु पर्छ।

ङ) अध्यक्ष भन्नाले यस ताप्ली गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

च) उपाध्यक्ष भन्नाले यस ताप्ली गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

छ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले यस ताप्ली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

ज) वडा अध्यक्ष भन्नाले यस ताप्ली गाउँपालिकाको ५ वटै वडाको वडा अध्यक्ष सम्झनु पर्छ।

झ) स्टोर शाखा भन्नाले यस ताप्ली गाउँपालिकाको स्टोर शाखा सम्झनु पर्छ ।

ञ) राजश्व शाखा भन्नाले यस ताप्ली गाउँपालिकाको राजश्व शाखा सम्झनु पर्छ ।

ट) बिसौनी भन्नाले सार्वजनिक बोलेरो रोकिने तथा यात्रु चढाउने र झार्ने स्थान सम्झिनु पर्छ ।

ठ) गाउँपालिका भन्नाले ताप्ली गाउँपालिका सम्झनु पर्छ ।

ड) सार्वजनिक बोलेरो भन्नाले यस ताप्ली गाउँपालिकाले सञ्चालन गरेको सार्वजनिक बोलरो सम्झनु पर्छ ।

ढ) यात्रु भन्नाले यस ताप्ली गाउँपालिकाले सञ्चालन गरेको सार्वजनिक बोलेरोमा यात्रा गर्ने नागरिक वा व्यक्ति सम्झनु पर्छ ।

ण) चालक भन्नाले सवारी साधन चालक अनुमति पत्र प्राप्त गरेको दफा ८ बमोजिमको व्यक्ति सम्झनु पर्छ ।

त) सञ्चालक समिति भन्नाले ताप्ली गाउँपालिकाबाट सञ्चालित सार्वजनिक बोलेरो सञ्चालन सम्बन्धमा यस कार्यविधिमा व्यवस्था गरे बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ ।

थ) अनुगमन समिति भन्नाले ताप्ली गाउँपालिकाबाट सञ्चालित सार्वजनिक बोलेरो सञ्चालनसम्बन्धी रेखदेख तथा सुझाव दिन यस कार्यविधिमा व्यवस्था भए बमोजिमको अनुगमन समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## टिकटसम्बन्धी व्यवस्था

३. टिकटको प्रयोग:

क) यात्रुले कागजी वा विद्युतीय टिकट प्रयोग गर्न सक्नेछ ।

ख) कागजी टिकटलाई क्रमश विद्युतीय टिकटले विस्थापित गर्ने कार्यमा अग्रसर भईनेछ ।

ग) यात्रा गर्दा यात्रुले अनिवार्य रुपमा टिकटको प्रयोग गर्नु पर्नेछ ।

घ) जुन सुकै दुरिको यात्राको लागि पनि टिकट अनिवार्य जारी गर्नु पर्नेछ ।

ङ) टिकटमा जारी गर्ने अधिकारीको हस्ताक्षर बाहेक कुनै पनि कुरा हस्तलिखित हुने छैन ।

४. टिकट जारी गर्नेसम्बन्धी व्यवस्था:

क) यात्रु सवारीमा चढ्ने वितिकै सवारी चालकले यात्रु सित यात्रा गर्ने स्थान सोधी टिकट जारी गर्नु पर्नेछ ।

ख) ई टिकट लिई यात्रा गर्न इच्छुक यात्रुले यस ताप्ली गाउँपालिकाको वेवसाइट www.taplimun.gov.np मा गई राखिएको लिङ्कमा गएर फर्म भरी सोहि पोर्टलमा राखिएको खाता नम्बरमा रकम जम्मा गरिएको e payment को screenshot समेत

अपलोड गरेपछि यात्रुले प्रदान गरेको email मार्फत टिकट पठाईनेछ र सोहि टिकट चाकललाई देखाई यात्रा गर्न सक्नेछ।

ग) टिकटको ढाँचा अनुसूची १ मा व्यवस्था भए बमोजिम हुनेछ।

५. सहुलियत दरमा टिकट वितरण गर्नु पर्नेसम्बन्धी व्यवस्था:

क) ५ बर्ष भन्दा मुनिका बालबालिकालाई कुनै शुल्क लाग्ने छैन।

ख) जेष्ठ नागरिक परिचय पत्र वाहकलाई कुनै शुल्क लाग्ने छैन।

ग) विद्यार्थी, अपांगता भएका, अशक्त र शहिद परिवारका व्यक्तिलाई ५०% मात्र भाडा लाग्नेछ।

परिच्छेद-३

## सवारी चालकसम्बन्धी व्यवस्था

६. सवारी चालक: देहायको योग्यता पुगेको नेपाली नागरिक यस गाउँपालिकाको सार्वजनिक बोलेरो चालक हुन योग्य मानिनेछ।

क) प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिमको सवारी चालक अनुमति पत्र प्राप्त गरेको।

ख) शारिरीक तथा मानसिक रुपमा स्वस्थ रहेको।

ग) कुनै प्रचलित कानुनले अयोग्य नरहेको।

घ) प्रचलित कानुनमा उल्लेख भए बमोजिमको उमेर हद कायम रेहेको व्यक्ति।

७. सवारी चालकलाई हटाउन सक्ने:

क) दफा १० बमोजिमको कर्तव्य पालना नगरेको कुरा सञ्चालक समितिले निर्णय गरेमा प्रमुख प्रशासकीय अधिकृतले जुन सुकै वखत पदबाट हटाउन सक्नेछ।

ख) ३ महिना भन्दा बढि समय सम्म विरामी परी पुन कामकाजमा नफर्किएमा र सञ्चालक समितिले पदबाट हटाउने निर्णय गरेमा प्रमुख प्रशासकीय अधिकृतले जुन सुकै वखत पदबाट हटाउन सक्नेछ।

८. सवारी चालकको नियुक्ति:

क) सवारी चालकको नियुक्ति खुला प्रतिष्पर्धाको माध्यमबाट हुनेछ।

ख) सवारी चालक नियुक्ति गर्दा विभिन्न पक्षलाई समेटी कूल १०० अङ्कलाई आधार बनाइनेछ।

ग) सवारी चालक छनौट गर्दा देहायको आधारमा अङ्कभार कायम गरिनेछ।
देहाय:

- पेशागत ज्ञान वापत २५ प्रश्न ५० अङ्क (लिखित छोटो उत्तर आउने)

- अनुभव वापत प्रतिबर्ष २ अङ्को दरले बढिमा १० अङ्क (अनुभव वापतको प्रमाण पत्र प्रचलित कानुन बमोजिम दर्ता भएको यातायात व्यवसायी वा निकाय वा सरकारी कार्यालयबाट जारी भएको हुनु पर्नेछ ।)
- गाउँपालिका भित्र स्थायी ठेगाना भएमा १० अङ्क र जिल्ला भरि स्थायी ठेगाना भएमा ५ अङ्क
- शैक्षिक योग्यता वापत एस. एल. सी./एस. ई. ई. वा सो सरह भएमा ५ अङ्क प्रविणता प्रमाण पत्र तह वा सो सरह भएमा ७ अङ्क स्नातक वा सो भन्दा माथि भएमा १० अङ्क
- अन्तर्वार्ता २० अङ्क

घ) सवारी चालक नियुक्ति समिति: सार्वजनिक बोलेरो सञ्चालन गर्न आवश्यक पर्ने चालक नियुक्ति गर्न देहाय बमोजिमको एक समिति रहने छ।
देहाय:

- प्रमुख प्रशासकीय अधिकृत- संयोजक
- शिक्षा शाखा प्रमुख- सदस्य
- स्वास्थ्य शाखा प्रमुख- सदस्य
- यातायात व्यवस्था कार्यालयको प्रतिनिधि- सदस्य
- प्रशासन शाखा प्रमुख- सदस्य सचिव

समितिमा आवश्यकता अनुसार आमन्त्रित सदस्य राख्न सकिनेछ।

परिच्छेद-४

## कर्तव्य तथा निषेधित कार्यहरु:

९. यात्रुको कर्तव्य:

क) चालक तथा अन्य यात्रुसँग शिष्ट व्यवहार गर्ने।

ख) व्यवस्था गरिएको टिकट अनिवार्य रुपमा लिने।

ग) तोकिएको भाडा तिर्ने।

घ) भाडा छुटको व्यवस्था गरिएका यात्रुले अनिवार्य रुपमा परिचय पत्र देखाउने।

ङ) उत्सर्जित फोहर मैला जहाँतहीँ नफाल्ने।

च) यातायातको साधन तथा साधनमा जोडिएका भौतिक वस्तुमा क्षति नपुर्याउने।

छ) यातायातको साधनमा यात्रा गर्दा वा अन्य समयमा अश्लिल शब्द बोल्ने, लेख्ने वा त्यस्तो प्रकारको चित्र वा भिडियो नहेर्ने।

ज) यौनजन्य दुर्व्यवहार नगर्ने नगराउने।

झ) लागु औषधको प्रयोग तथा मद्यपान एवं धुम्रपान नगर्ने।

ञ) कानुनले निषेध गरेका अन्य कुनै पनि कार्य नगर्ने।

१०. सवारी चालकको कर्तव्य:

क) यात्रु तथा अन्य व्यक्तिहरुसँग शिष्ट व्यवहार गर्ने।

ख) यात्रुलाई टिकट प्रदान गरि तोकिएको भाडा लिने।

ग) जारी गरिएका सबै टिकटको विवरण र प्राप्त भाडा वापतको रकम उक्त दिनको भोलिपल्ट गाउँपालिकाको राजश्व शाखामा बुझाउने।

घ) शिष्ट र सभ्य देखिने पोशाक लगाउने।

ङ) अत्यावश्यक अवस्थामा बाहेक हर्न नबजाउने।

च) जथाभावी पार्किङ नगर्ने।

छ) लागु औषधको प्रयोग तथा मद्यपान एवं धुम्रपान नगर्ने।

ज) यस कार्यविधिमा व्यवस्था भए बमोजिमका पदाधिकारी तथा समितले दिएको निर्देशनको पालना गर्ने।

झ) कानुनले निषेध गरेका अन्य कार्यहरु नगर्ने।

११. राजश्व शाखाको कर्तव्य:

क) हरेक दिन सार्वजनिक बोलेरोको आय व्ययको अभिलेख राख्ने।

ख) चालकबाट प्राप्त भाडा वापतको रकम हरेक दिन गाउँपालिकाले व्यवस्था गरेको खातामा जम्मा गर्ने व्यवस्था मिलाउने।

ग) रुटको आधारमा हरेक दिन भोलिपल्टको लागि आवश्यक टिकटको ठेली सवारी चालकलाई उपलब्ध गराउने।

घ) सवारी साधनको आम्दानीको मासिक फाँटवारी बनाई चुस्त राख्ने।

१२. स्टोर शाखाको कर्तव्य:

क) आवश्यक टिकट पर्याप्त मात्रामा छपाई मौजुदा राख्ने।

ख) सवारीलाई आवश्यक पर्ने इन्धन नियमित उपलब्ध गराउने तथा नियन्त्रण गर्ने।

ग) सवारीको नवीकरण तथा वीमा चुस्त राख्ने।

घ) सवारी साधन मर्मत गर्नु पर्ने भएमा तोकिएको फर्मबाट अनुमानित स्टिमेट तयार गर्न लगाई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी अनुमति लिएर मर्मत सम्भार गराउने।

ङ) सवारी साधनमा भएको खर्चको मासिक फाँटवारी बनाई चुस्त राख्ने।

परिच्छेद-५

## सार्वजनिक बोलेरो सञ्चालन हुने रुटसम्बन्धी व्यवस्था

१३. सार्वजनिक बोलेरो सञ्चालन हुने रुट:

क) सार्वजिनक बोलेरो सञ्चालन हुने रुट तथा दैनिकी अनुसूचि २ मा व्यवस्था भए बमोजिम हुनेछ।

ख) अवस्था र कार्यपालिकाको निर्णयको आधारमा रुट हटाउन, पुन सञ्चालन गर्न वा फेरबदल गर्न सकिने छ।

ग) पालिकाबाट फर्किने क्रममा सवारीमा चढेको यात्रुको आधारमा सवारी चालकले रुट घटाउन सक्नेछ।

घ) बोलेरोमा खराबी आई वा सडक अवरुद्ध भई सेवा स्थगित भएमा गाउँपालिकाको वेवसाइटमा तथा गाउँपालिका र वडा कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी जानकारी गराइनेछ। सूचनाको लागि अन्य विद्युतीय प्रशारणको समेत प्रयोग गर्न सकिनेछ।

परिच्छेद-६

## बिसौनीसम्बन्धी व्यवस्था

१४. सार्वजनिक सवारीको विसौनी:

क) सार्वजिनिक बोलेरोको रुट बमोजिमको विसौनीसम्बन्धी व्यवस्था अनुसूची ३ मा व्यवस्था भए बमोजिम हुनेछ।

ख) यात्रुले सकेसम्म विसौनीमा नै आएर सवारी चढ्नु पर्नेछ।

परिच्छेद-७

## यात्रुको भाडा दरसम्बन्धी व्यवस्था:

१५. यात्रु भाडा दर:

क) गाउँपालिकाले सञ्चालन गरेको बोलेरोमा यात्रा गर्ने यात्रुले तिर्नु पर्ने भाडा दर अनुसूची ४ मा व्यवस्था भए बमोजिम हुनेछ।

ख) दुई विसौनीको बीचमा सवारी चढ्ने यात्रुले नजीकको विसौनी बाट गन्तव्य सम्मको निर्धारित भाडा तिर्नु पर्नेछ।

परिच्छेद-८

## सवारी चालकको पारिश्रमिकसम्बन्धी व्यवस्था:

१६. सवारी चालकको पारिश्रमिक:

क) सावरी चालकको पारिश्रमिक तथा सुविधा अनुसूची ५ मा व्यवस्था गरे बमोजिम हुनेछ।

ख) उपदफा (क) बमोजिमको व्यवस्था गाउँकार्यपालिकाको कार्यालयले प्रयोग गर्ने प्रयोजनार्थ सञ्चालन हुने हल्का सवारी चालकको हकमा समेत लागु हुनेछ।

परिच्छेद-९

## सवारी चालकको विदासम्बन्धी व्यवस्था:

ग) सवारी चालकको विदा:

क) सवारी चालकलाई बर्षभरिमा भैपरी आउने विदा जम्मा ६ दिन मात्र उपलब्ध हुनेछ।

ख) सवारी चालक विरामी भई विदामा बस्नु परेमा चिकित्कसकको सिफारिस तथा स्वस्थ्य संस्थामा भर्ना भएको प्रमाण पेश गर्नु पर्नेछ र यसरी विदामा बस्दा सवारी साधन चलाउन वैकल्पिक चालकको समेत व्यवस्था गरी गाउँपालिकाको सार्वजनिक बोलेरो सञ्चालक समितिलाई जानकारी गराउनु पर्नेछ।

परिच्छेद १०

## सञ्चालक समितिसम्बन्धी व्यवस्था

घ) सार्वजनिक बोलेरोको नियमित तथा समुचित सञ्चालन र आय व्यय विश्लेषण गर्नको लागि देहाय बमोजिमको एक सञ्चालक समिति रहनेछ।

देहाय:

उपाध्यक्ष- संयोजक

प्रमुख प्रशासकीय अधिकृत- सदस्य

लेखा शाखा प्रमुख- सदस्य

प्रशासन शाखा प्रमुख- सदस्य

राजश्व शाखा प्रमुख- सदस्य

परिच्छेद-११

## अनुगमन समितिसम्बन्धी व्यवस्था

ङ) सार्वजनिक बोलेरो सञ्चालनको समग्र विषयको अनुगमन मूल्यांकन तथा सुधारका लागि आवश्यक निर्देशन दिन तथा कार्य गर्न देहाय बमोजिमको एक अनुगमगन समिति रहनेछ।

देहाय:

अध्यक्ष- संयोजक

सुशासन तथा संस्थागत विकास समितिको संयोजक- सदस्य

गाउँ कार्यपालिकाका सदस्यहरु मध्येबाट दलित महिला समेत पर्ने गरी कम्तीमा २ जना महिला सहित अध्यक्षले मनोनित गरेको ३ जना- सदस्य

परिच्छेद- १२

## विविध

च) यात्रु वीमा: गाउँपालिकाले प्रचलित कानुनमा तोकिए बमोजिम पुर्ण वीमा गराउनु पर्नेछ।

छ) बाधा अड्काउ फुकाउ: यस निर्देशिका बमोजिम सार्वजनिक बोलेरो सञ्चालन गर्दा कुनै विषयमा दुविधा वा बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले निर्णय गरेर बाधा अड्काउ फुकाउ गर्न सक्नेछ र सो निर्णय यसै कार्यविधिको अभिन्न अंग मानिनेछ।

ज) प्रचलित कानुन बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भए भन्दा बाहेकका कुनै पनि विषय प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

झ) निर्देशिका संशोधन: ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले यस कार्यविधिको संशोधन तथा थपघट गर्न सक्नेछ।

ञ) खारेजी: ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि खारेजी गर्न सक्नेछ।

## अनुसूची-१

(दफा ४ को उपदफा घ सँग सम्बन्धीत)

मिति:

टिकट नं:

भाडा रु. ...

टिकट जारी गर्नेको हस्ताक्षर:

……………………...

**ताप्ली गाउँपालिका सार्वजिनक बोलेरो सेवा**

**यात्रु टिकट**

टिकट नं:

मिति:

यात्रा गर्ने दुरि:………………… देखि …………………… सम्म

यात्रामा लाग्ने भाडा रु. ...

टिकट जारी गर्नेको हस्ताक्षर:

## अनुसूची-२

(दफा ११ को उपदफा क सँग सम्बन्धीत)

| क्र.सं. | रुट | सञ्चालन हुने बार |
|---|---|---|
| १ | जोरढुंगा, नुनथला, पिपल भञ्ज्यांङ, मादले, कुमाललटार हुँदै पालिका आएर पुन सोहि रुटमा जोरढुंगा | आइतबार |
| २ | ताप्ली पोखरी, नारीमाला, लेखगाउँ, पुलटार, कटहरे हुँदै पालिका आएर पुन सोहि रुटमा ताप्ली पोखरी | सोमबार |
| ३ | झिल्के, दगले, तामाखर्क, कटहरे हुँदै पालिका आएर पुन सोहि रुटमा इनामे | मंगलबार |
| ४ | हातीसार, निगालबास, खोप भञ्ज्याँङ, मडिरे, पोखरी, खानी डाँडा, गैरीगाउँ हुँदै पालिका आएर पुन सोहि रुटमा हातिसार | बुधबार |
| ५ | खोलागाउँ, पिपलबजार, जतनपुर, ठानागाउँ हुँदै पालिका आएर पुन सोहि रुटमा गएर गाउँपालिकाको कार्यालयमा | बिहिबार |

## अनुसूची-३

(दफा १२ को उपदफा क सँग सम्बन्धीत)

| क्र.सं. | रुट | विसौनी |
|---|---|---|
| १ | जोरढुंगा, नुनथला, पिपल भञ्ज्यांङ, मादले, कुमाललटार हुँदै पालिका रुटमा | जोरढुंगा<br>नुनथला<br>देब्रे<br>पिपलभञ्ज्याङ<br>मादले<br>तल्लो मादले<br>कुमालटार<br>रुपाटार |
| २ | ताप्ली पोखरी, नारीमाला, लेखगाउँ, बाछाङ, पुलटार, कटहरे पालिका रुटमा | ताप्ली पोखरी<br>चिसापानी<br>नारीमाला<br>लेखगाउँ<br>पुलटार<br>कटरहे<br>रुपाटार |
| ३ | इनामे, झिल्के, दगले, तामाखर्क, कटहरे पालिका रुटमा | इनामे<br>दगले<br>तामाखर्क<br>फुर्के<br>कटहरे<br>रुपाटार |
| ४ | हातीसार, निगालबास, खोप भञ्ज्याँङ, मडिरे, पोखरी, खानी डाँडा, गैरीगाउँ हुँदै पालिका आएर पुन सोहि रुटमा हातिसार | हातीसार<br>निगालबास<br>खोप भञ्ज्याँङ<br>मडिरे<br>पोखरी<br>खानी डाँडा<br>गैरीगाउँ<br>रुपाटार |

| | | |
|---|---|---|
| ५ | खोलागाउँ, पिपलबजार, जतनपुर, ठानागाउँ हुँदै पालिका रुटमा | खोलागाउँ<br>पिपलबजार<br>जतनपुर<br>ठानागाउँ<br>रामपुर<br>तिल्के चौर<br>रुपाटार |

## अनुसूची-४

(दफा १३ को उपदफा क सँग सम्बन्धीत)

| क्र.सं. | रुट | भाडा दर एकतर्फी |
|---|---|---|
| १ | जोरढुंगा, नुनथला, पिपल भञ्ज्यांङ, मादले, कुमाललटार हुँदै पालिका रुटमा | रु १५० |
| २ | ताप्ली पोखरी, नारीमाला, लेखगाउँ,  पुलटार, कटहरे पालिका रुटमा | रु १५० |
| ३ | इनामे, दगले, तामाखर्क, फुर्के, कटहरे पालिका रुटमा | रु १५० |
| ४ | तल्लो हातसार विद्यालय, हातीसार, निगालबास, खोप भञ्ज्याँङ, मडिरे, पोखरी, खानी डाँडा, गैरीगाउँ  हुँदै पालिका रुटमा | रु २३० |
| ५ | खोलागाउँ, कोलबोटे, पिपलबजार, जतनपुर, ठानागाउँ, रामपुर, तिल्केचौर हुँदै पालिका रुटमा | रु २१० |
| ६ | अन्य हरेक एक विसौनी देखि अर्को विसौनी सम्मको लागि | रु ३० |
| ७ | जुक सुकै छोटो दुरिको लागि सवारी साधनमा चढ्ने वितिकै | रु ३० |

## अनुसूची-५

(दफा १३ सँग सम्बन्धीत)

१. मासिक रुपमा पारिश्रमिक वापत रु. १५,०००/-

२. खाना खाजा वापत (विदामा बसेको बाहेक) दैनिक रु. ५००/-

३. चाडपर्व खर्च एक महिनाको पारिश्रमिक बराबर।

४. सट्टा सवारी चालकको हकमा बुँदा नं ३ बाहेकको सुविधा उपलब्ध गराइनेछ।

५. विरामी परेको सवारी चालकलाई बुँदा नं १ मा तोकिएको सुविधा उपलब्ध गराइनेछ।